चैनपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चैनपुर, संखुवासभा
कोशी प्रदेश

## नदीजन्य पदार्थको संकलन तथा बिक्री शुल्क संकलन गर्ने ठेक्का बन्दोबस्ती सम्बन्धी १५ दिने सूचना

प्रकाशित मिति:२०८१/१२/०८

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ को उपदफा २ को खण्ड घ को (६) बमोजिम चैनपुर नगरपालिका, नगर कार्यपालिकाको कार्यालयले चुरे तथा वन क्षेत्रबाहेक ढुङ्गा, गिट्टी , बालुवा बिक्रिवितरण गर्न तपसिल बमोजिमको ठेक्का बन्दोबस्ती गर्नको लागि ईच्छुक व्यक्ति वा फर्म/कम्पनीहरुले तोकिएको आवधि भित्र रितपूर्वकको बोलपत्र पेश गर्न आह्वान गरिएको छ ।

| क्र.स | ठेक्का नं | दरभाउपत्रको नाम | उत्खनन् परिमाण (घ.फि ) | | न्यूनतम ठेक्का रकम रु.( मू.अ.कर .बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर (रु ) |
|---|---|---|---|---|---|---|---|
| | | | ढुङ्गा, गिट्टी | बालुवा | | | |
| १ | CM/NCB/RAJSWA/04/081/082 | आन्तरिक आय तर्फको अरुण खोला (खहरे नाका) | ३०,८७० रु.८ प्र/घ.फि | १३,२३०।- रु.७ प्र/घ.फि | ३,३९,५७०।- | १०,०००।- | १०००।- |

### ठेक्का सम्बन्धी शर्त तथा बन्देजहरु:

१.दरभाउपत्र फारम खरिद गर्दा फर्म/कम्पनीले फर्म दर्ता प्रमाणपत्र, नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर तथा आ.व ०८१/०८२ को कर चुक्ताको प्रमाणित प्रतिलिपि,दरभाउपत्र फारम दस्तुर बापत यस कार्यालयमा नगदी तिरेको वा राष्ट्रिय बाणिज्य बैंक ,शाखा कार्यालय चैनपुरमा रहेको यस कार्यालयको अन्तरिक राजस्व खाता नं : २०३०१००३०१०१०००२ को राजस्व शिर्षक नः १४२२९ मा नगद जम्मा गरेको सकल भौचर साथ निबेदन पेश गरि यो सूचना प्रकाशन भएको मितिले १५औं दिनको कार्यालय समय भित्र यस कार्यालयबाट खरिद गर्नु पर्ने छ | साथै दरभाउपत्रदाताले तोकिएको दरभाउपत्र दस्तुर यस कार्यालय वा यस कार्यालयको बैंक खातामा माथि उल्लेखित खाता नं मा जम्मा गरेको भौचरलाई दरभाउपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नु पर्ने छ |दरभाउपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको लगतै पछि कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ|

२. दरभाउपत्र सम्बन्धी फारम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ| अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ| माथि उल्लेखित धरौटी रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंक ,शाखा कार्यालय चैनपुरमा रहेको धरौटी खाता नं २०३०१००३०३००००२ मा जम्मा गरि सो को सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त कमर्सियल बैंकबाट यस कार्यालयको नाममा दरभाउपत्र नं र नाम उल्लेख गरि कम्तिमा ९० दिनको म्याद भएको बैंक जमानत (बिडबन्ड) पेश गर्नुपर्नेछ ।

३. खरिद गरेको दरभाउपत्र फारमहरूमा उल्लेख भएका सबै विवरणहरु भरि दरभाउपत्रले सबै पानामा सहिछाप गरि सूचना प्रकाशित मितिले १६औं दिन दिनको १२:०० बजे भित्र कार्यालयमा बुझाई सक्नु पर्नेछ ।

४. एक फर्म वा कम्पनिको नाममा खरिद गरिएको दरभाउपत्र अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाइने छैन|रीतपूर्वक पर्न आएको दरभाउपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिन दिनको १३:०० बजे देखि बिभिन्न कार्यालयका प्रतिनिधि ,निर्माण व्यवसायी वा निजहरुको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ|साथै दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरु समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्नेछैन | उक्त दिन बिदा परेमा सो कार्य बिदा लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ|

५. दरभाउपत्र सम्बन्धी बिस्तृत जानकारी दरभाउपत्र सम्बन्धी फारममा उल्लेख गरिएको हुँदा सोहि पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ |म्याद नाघी ,रीत नपुगी वा सर्त सहित पेश हुन आएका दरभाउपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैन | दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ|

६. दरभाउपत्र स्वीकृत भएमा सोको सूचना पाएको मितिले १५ दिन भित्र मू.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको भ्याट समेतको सम्पूर्ण रकम अग्रिम रुपमा यस कार्यालयको खाता बिभाजीय कोषको खाता नं :२०३०१००३०६०१०००२ को दहत्तर बहत्तर शुल्क शिर्षक नः ३३३६६ मा अनिवार्य बुझाउनु पर्नेछ ।

७. तोकिएको म्याद भित्र सम्झौता गर्न नआएमा राखिएको धरौटी रकम जफत गरी दोस्रोसंग नियमानुसार सम्झौता गरिने छ | यस नगरपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार संचालन एन ,२०७४, सम्बन्धित स्थानीय तहबाट जारी कानुन ,प्रदेश कानुन तथा प्रचलित कानुन वा मापदण्ड बमोजिम हुनेछ | साथै यस कार्यालयबाट गरिएको वातावरणी अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ|

२०८१।१२।८

प्रमुख प्रशासकीय अधिकृत